आज मिति २०८३ साल भाद्र महिनाको १४ गते चुमनुब्री गाउँ कार्यपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

**उपस्थिति:**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | कर्मा छेवाङ लामा | |
| ४ | का.वा. वडा अध्यक्ष वडा नं. २ | पेम्बा छिरिङ लामा | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | रामकुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | कालेन छेवाङ | |
| ८ | का.वा. वडा अध्यक्ष वडा नं. ६ | ठिन्ले घ्याम्छो लामा | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | टसी दोर्जे लामा | |
| १० | कार्यपालिका सदस्य | सुनाम साङमो | |
| ११ | कार्यपालिका सदस्य | छिरिङ भुटी लामा | |
| १२ | कार्यपालिका सदस्य | ढोलमा लामा | |
| १३ | मनोनित कार्यपालिका सदस्य (अल्पसंख्यक) | रुवेश घले | |
| १४ | मनोनित कार्यपालिका सदस्य(दलित) | गणेश विश्वकर्मा | |
| १५ | सदस्य सचिव | मनोज लामिछाने | |

**अन्य उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | सहायक लेखा अधिकृत | रविन मिश्र | |
| २ | सहायक प्रशासकीय अधिकृत | पवन सुवेदी | |
| ३ | कार्यालय सहयोगी | लक्ष्मी गुरुङ | |
| ४ | कार्यालय सहयोगी | सुपना गुरुङ | |

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छेकम्पार, गोरखा
गण्डकी प्रदेश, नेपाल

कार्यपालिका बैठक मिति : २०८३।०५।१४ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८३।०५।०८ गते।

**मिति २०८३।०५।१४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू**

१. निर्णय समिक्षा सम्बन्धमा।
२. आ व २०८३।८४ वार्षिक कार्ययोजना सम्बन्धमा।
३. चुमनुब्री गाउँपालिका आ व २०८२।८३ को व्यवस्थापन परिक्षण प्रतिवेदन सम्बन्धमा।
४. चुमनुब्री गाउँपालिका स्थानीय शासन कार्यसम्पादन(LGPAS) सुधार कार्ययोजना २०८३।८४ सम्बन्धमा।
५. करारोपण स्वघोषणा सम्बन्धमा।
६. रोजगार कार्यक्रम छनौट सम्बन्धमा।
७. गै स स कार्यसम्पादन सम्बन्धमा।
८. जग्गा प्लटिङ सम्बन्धमा।
९. IEE सम्बन्धमा।
१०. फोहोर व्यवस्थापन सम्बन्धमा।
११. वार्षिक समिक्षा सम्बन्धमा।
१२. रसुवा भोटेकोसी बाढी राहत उपलब्ध गराउने सम्बन्धमा।
१३. प्रकोप व्यवस्थापन सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले अघिल्लो बैकठमा गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. चुमनुब्री गाउँपालिकाका आ व २०८३।८४ मा स्विकृत वार्षिक कार्यक्रम तथा योजना कार्यान्वयनका लागि तयार भएको वार्षिक कार्ययोजना २०८३।८४ स्विकृत गरी कार्यान्वयन गर्ने।
३. चुमनुब्री गाउँपालिकाको व्यवस्थापकीय, वित्तीय, प्रशासनिक तथा सेवा प्रवाह प्रणालीको परीक्षण गरी सुधारका क्षेत्र पहिचान गर्न तयार गरिएको व्यवस्थापन परिक्षण प्रतिवेदन, आ व २०८२।८३ मा औल्याईएका क्षेत्रहरूमा सुधार गरी उक्त प्रतिवेदन स्विकृत गर्ने।
४. चुमनुब्री गाउँपालिका स्थानीय शासन कार्यसम्पादन(LGPAS) सुधार कार्ययोजना २०८३।८४ स्विकृत गरी कार्यान्वयन गर्ने।
५. चुमनुब्री गाउँपालिकाले आ व २०८३।८४ मा गाउँसभाबाट पारित भएको राजस्व परामर्श समितिको प्रतिवेदन तथा आर्थिक ऐन २०८३ अनुसार संविधान तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी स्थानीय तहको क्षेत्राधिकारका विषयमा मात्र करारोपण गरिएको हुँदा क्षेत्राधिकार बाहिर करारोपण नगरिएको स्वघोषणा गर्ने।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

लिला लामा
अध्यक्ष

६. आ व २०८३।८४ मा संघीय सरकार शसर्त अनुदान अन्तर्गत उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत प्रतिशत लागत साझेदारी अनिवार्य) अन्तर्गत ११ लाख ६३ हजार र गाउँपालिकाले रोजगारी सिर्जनामा ४० लाख हजार गरी कुल ५१ लाख ६३ हजार बजेट विनियोजन भएकोमा चुमनुब्री गाउँपालिका अन्तर्गत रोजगार आयोजना अन्तर्गत तपसिलका योजनाहरू छनौट गरी प्रचलित कार्यविधि अनुरूप प्राविधिकबाट सर्भे, अनुगमन तथा मुल्यांकन गराई सञ्चालन गर्ने र कार्यसम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने।

| सि नं | योजनाको नाम | सञ्चालन हुने स्थान | कै |
|---|---|---|---|
| १ | सिस्याङपे देखि आगाँ सम्म गोरेटो बाटो, युवाङ खोला देखि देवल गाउँ सम्म गोरेटो बाटो निर्माण | चुमनुब्री-३ आगाँ र देवल | |
| २ | कोरोङ खोला देखि क्वाक जाने बाटो, गाप बुढिगण्डकी ग्याबिन भर्ने कार्य | चुमनुब्री-४ गाप | |
| ३ | होबाल देखि वाङगुल सम्म गोरेटो बाटो, गाङ योवाक देखि पाङलाम सम्म गोरेटो बाटो निर्माण | चुमनुब्री-५ तितुर | |
| ४ | गुम्बा लुङटाङ, गणेश हिमाल पदमार्ग निर्माण | चुमनुब्री-६ गुम्बा लुङटाङ | |
| ५ | छुले निले सिँचाई कुलो संरक्षण तथा नुरू गुम्बा संरक्षण | चुमनुब्री-७ छुलेनिले | |

७. चुमनुब्री गाउँपालिकालाई कार्यक्षेत्र बनाई स्वास्थ्य, शिक्षा, कृषि तथ जीविकोपार्जन क्षेत्रमा विभिन्न कार्यक्रम गर्दै आईरहेको क्यान नेपाल सँस्थाको कार्यसम्पादन निकै उत्कृष्ट रहेको हुँदा कार्यक्रम निरन्तरताका लागि उक्त सँस्थालाई अनुरोध गर्ने र समाज कल्याण परिषद्मा लेखि पठाउने।

८. चुमनुब्री गाउँपालिका भित्र जग्गा खण्डीकरण तथा प्लटिङ गर्न योग्य भुभाग नरहेको हुँदा तत्काल प्लटीङका लागि कुनै पनि व्यवसायीलाई अनुमती नदिने।

९. चुमनुब्री गाउँपालिका भित्र नियमानुसार संक्षिप्त वातावरणिय अध्ययन प्रतिवेदन IEE गरी सञ्चालन गर्नु पर्ने कुनै योजना नरहेको हुँदा अन्य कार्य प्रचलित कानुन बमोजिम तयारी गरी आ व २०८३।८४ का योजना कार्यान्वयन गर्ने।

१०. चुमनुब्री गाउँपालिका भित्रका बस्तिबाट सिर्जित तथा संकलन हुने फोहोर सम्बन्धित बस्ति नजिकका डम्पिङ साईटमा विसर्जन गर्ने र वर्गिरण गरी छुट्टाईएका सिसाजन्य फोहोर पुनप्रयोगका लागि चुमनुब्री गाउँपालिका वडा नं ३ फिलिममा रहेको फोहोरमैला वर्गिकरण केन्द्रबाट सिसाबाट बालुवा बनाउनका लागि उक्त स्थानलाई तोक्ने।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

११. चुमनुब्री गाउँपालिकाको आ व २०८२।८३ मा पुँजीगत खर्च ७३.३४ प्रतिशत, चालू खर्च ७२.८ प्रतिशत गरी कुल जम्मा खर्च ७३.०२ प्रतिशत जुन विगतका आ व मा भन्दा बढि तथा सुधारोन्मुख रहेता पनि शाखागत तथा विषयक्षेत्रगत रूपमा खर्च सन्तुलन देखिएन, अधिक विनियोजन तथा न्यनु खर्च, असार मसान्त मात्र पुँजीगत खर्चको हिस्सा अधिकांश भन्दा बढि जस्ता समस्या देखियो तसर्थ चालू आ व २०८३।८४ मा समान प्रकारका समस्या आउन नदिन कार्ययोजना बनाई अर्को बैठकमा छलफल गर्ने गरी आ व २०८२।८३ को वार्षिक समिक्षा सम्पन्न गरियो।

१२. मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण भएको विपद् व्यवस्थापनका लागि चुमनुब्री गाउँपालिका गोरखाका जनप्रतिनिधी, शिक्षक र कर्मचारीको स्तर अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रति जनप्रतिनिधि/कर्मचारी/शिक्षक तपसिल बमोजिमको रकम र चुमनुब्री गाउँपालिका प्रकोप व्यवस्थापन कोषबाट एकमुष्ट रू ३०००००.०० (तीन लाख रूपैयाँ मात्र) रकम जम्मा गर्ने।

| सि नं | जनप्रतिनिधिको पद/कर्मचारीको तह/श्रेणी | प्रति व्यक्ति जम्मा गर्ने रकम रू | कै |
|---|---|---|---|
| १ | अध्यक्ष | २०००० (बीस हजार मात्र) | |
| २ | उपाध्यक्ष | २०००० (बीस हजार मात्र) | |
| ३ | वडा अध्यक्ष | १०००० (दश हजार मात्र) | |
| ४ | कार्यपालिका सदस्य | ८००० (आठ हजार मात्र) | |
| ५ | वडा सदस्य | ५००० (पाँच हजार मात्र) | |
| ६ | रा प तृतिय/ सातौ तहका कर्मचारी | १५००० (पन्ध्र हजार मात्र) | |
| ७ | छैठौं तहका कर्मचारी | १२००० (बाह हजार मात्र) | |
| ८ | पाँचौ तहका कर्मचारी | ८००० (आठ हजार मात्र) | |
| ९ | चौथौ तहका कर्मचारी | ५००० (पाँच हजार मात्र) | |
| १० | श्रेणीविहिन सबै कर्मचारी | २००० (दुई हजार मात्र) | |
| क्र.स. | शिक्षक/ विद्यालय कर्मचारीको तह/ श्रेणी | प्रति शिक्षक/ कर्मचारी जम्मा गर्ने रकम रु | कैफियत |
| १ | मा.वि. तृतीय | ११,२१४।-एघार हजार दूई सय चौध रुपैँया। | |
| २ | नि.मा.वि तृतीय/ प्रा.वि द्धितिय | ६,०३२।- छ हजार बत्तीस रुपैँया। | |
| ३. | प्रा.वि. तृतीय | ६,०३२।- छ हजार बत्तीस रुपैँया। | |
| ४. | बालविकास सहजकर्ता | १,६३३।- सोह सय तेत्तीस | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | रुपैंया । | |
| ५. | विद्यालय सहायक (कर्मचारी) | १,४६७।– चौध सय सरसट्ठी रुपैँया मात्र । | |
| ६. | विद्यालय सहयोगी (कर्मचारी) | १,६६७।– सोह्र सय सरसट्ठी रुपैँया मात्र । | |

१३. विपद क्षतिबाट प्रभावित एवं क्षतिग्रस्त भएका विविध भौतिक पूर्वाधार तथा संरचनाको मर्मत सम्भार स्वरूप तपसिलका कार्य गराई प्राविधिक मूल्यांकनका आधारमा प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने ।

| सि नं | कार्यको नाम | स्थान | कै |
|---|---|---|---|
| १ | स्याला काठेपुल मर्मत | चुमनुब्री-२ ल्हो स्याला | |
| २ | भर्जम लिहि ल्हो पदमार्ग मर्मत | चुमनुब्री- २ लिहि | |
| ३ | सल्लेरी पेवा पदमार्ग मर्मत | चुमनुब्री- ३ | |
| ४ | गाप देखि नामरूङ पदमार्ग मर्मत | चुमनुब्री-४ गाप नामरूङ | |
| ५ | नामचे काठेपुल निर्माण | चुमनुब्री-४ | |
| ६ | लुङ्गाछुता काठेपुल निर्माण | चुमनुब्री-४ | |
| ७ | पलाङसिङ देखि लाङबाङ सम्म बाटो मर्मत | चुमनुब्री-५ | |
| ८ | कोयाखोल देखी बुर सम्म बाटो मर्मत | चुमनुब्री-५ | |
| ९ | लाङलाम देखि बुमराङ सम्म बाटो मर्मत | चुमनुब्री-५ | |
| १० | वडा नं ६ अन्तर्गतको मुल पदमार्ग मर्मत | चुमनुब्री-६ | |
| ११ | चौरीखर्क पदमार्ग मर्मत | चुमनुब्री-७ | |
| १२ | थेराङखोला काठेपुल तथा बाटो निर्माण | चुमनुब्री-४ | |
| १३ | लार खुङ्ग्यु खोला काठेपुल निर्माण | चुमनुब्री-७ | |
| १४ | लार छोर्तेन मर्मत | चुमनुब्री-७ | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष